नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# जुम्ला

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
📠 ०८७-५२०१८०
✉daojumla@gmail.com

प.सं.२०७७/७८(प्रशासन)

मिति :२०७८/०१/१५

**अत्यन्त जरूरी सूचना !**

नयाँ भेरियन्ट सहितको कोभिड-१९महामारीको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०१/०६ को निर्णयबाट भएको आदेश कार्यान्वयनका सम्बन्धमा गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०४४ मिति २०७८/०१/०६ को पत्रबाट निर्देशन तथा DCCMC,जुम्लाको मिति २०७८/०१/१४ गतेको निर्णय अनुसार देहाय बमोजिम गर्नु गराउनु हुन सम्पूर्ण सरोकारवाला महानुभाव तथा जिल्लाबासी सम्पूर्णलाई जिल्ला प्रशासन कार्यालय, जुम्ला हार्दिक अनुरोध गर्दछ।

१. जुम्ला जिल्लाका नगरपालिक/ सबै गाउँपालिकामा रहेका शैक्षिक संस्था ( विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) अर्को सूचना नआए सम्म भौतिक रूपमा उपस्थित नभई भर्चुल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरू अपनाई शैक्षिक गतिविधि संचालन गर्ने।
२. कोरोना भाइरस (COVID-19) को दोस्रो लहरबाट सुरक्षित रहनका लागी स्थापना गरिएको क्वारेन्टाइन सेन्टरको संख्या लगायत अन्य सम्बन्धित विवरण र उक्त क्वारेन्टाइनमा बसेका विरामीहरूको विवरण लगाएत अन्य सम्पुर्ण विवरण संकलन गर्ने हरेक स्थानिय तहले focal person तोकी मिति २०७८/०१/१८ गते भित्र यस जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने पर्ने।
३. सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, जिम खाना, फुटसल, सभा, आमसभा, जुलुस, मानिसहरूको भीडभाड हुने अन्य प्रकारका सबै कार्यक्रम अर्को सूचना नआए सम्मको लागि बन्द गर्ने/ गराउन लगाउने।
४. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू संचालन गर्दा १५ जना भन्दा बढी भेला नहुने र जनस्वास्थका मापदण्डको पूर्णरूपमा पालाना हुने गरी मात्र क्रियाकलाप संचालन गर्ने।
५. सभा समेलन, गोष्ठी सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरू संचालन गर्दा भर्चुअल मध्यमबाट गर्ने।
६. सार्वजनिक यातायत संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने
   - सिट क्षमता भन्दा बढी यात्रु नराख्ने।
   - सबै यात्रुलाई मास्क अनिवार्य गर्ने।
   - सवारी साधनको ढोकामा र सवारी साधनं भित्र सेनिटाइजरको व्यवस्था गर्ने।
   - चालक र सहचालकले मास्क र भाइजर लगाउने।
   - सार्वजनिक यातायतमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा रू १०/- लिई मास्क उपलब्ध गराउने।
   - मास्क नलागाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने।

२०७८/१/१५
प्रमुख जिल्ला अधिकारी

- लामो दुरीमा चल्ने सार्वजनिक यातायतको यात्राको क्रममा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरू गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायत संचालन गर्ने र यात्रुहरूको विवरण कोभिड-१९ संङकट व्यवस्थापन केन्द्र (**DCCMC**) जुम्लालाई उपलब्ध गराउने ।

७. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा रू १०/- लिई माक्स उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा हलमा प्रवेश गर्न नदिने ।

८. होटल तथा रेष्टुरेण्टहरू विहान ८ बजेदेखि बेलुका ९ बजेसम्म जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

९. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि देहाय बमोजिम गर्ने ।

- जनस्वास्थ्यका मापदण्डको पूर्ण रूपमा पालाना गर्ने ।
- घर बाहिर निस्कँदा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने र प्रयोग गरिएका मास्क बन्द डस्टबिन वा झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछिमात्र बिसर्जन गर्ने ।
- घर तथा सार्वजनिक स्थलमा जथाभवी नथुक्ने र प्रयोग गरेको मास्क जथाभावी नफाल्ने ।
- विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्रयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा १० दिन होम क्वारेन्टिनमा अनिवार्य रूपमा बस्ने ।
- पी.सी.आर. परिक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिडडुल भेटघाट र बैठक नगर्ने ।
- होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थय सम्बन्धी कुनै समस्या भएमा तुरून्तै नजिकको अस्पतालमा जाने/लैजाने ।

***नोटः- माथि अल्लिखित आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पर्याउने व्यक्ति तथा संस्थालाई सक्रामक रोग ऐन, २०२० बमोजिम कारबाहि र सजाय भई जाने व्यहोरा समेत अनुरोध छ ।***

२०७८।१।१५

.................................

नन्दराम चौलागाई

*सहायक प्रमुख जिल्ला अधिकारी*